puspas.com.np

# पाठ १२

# क्लारा जेटकिन

**शब्दार्थ**

गुणस्तरीय : धेरै गुण भएको
हरहमेसा : सधैँ
प्रयत्न : प्रयास
एकल : एक्लो
अत्याधुनिक : धेरै आधुनिक
लोकतन्त्र : जनताको मतअनुसार शासन गर्ने राजनीतिक प्रणाली
मानव अधिकार : मान्छे भएका कारणले पाउने अधिकार
स्वतन्त्रता : कसैको बन्धन वा अधीनमा नरहेको अवस्था
मताधिकार : मत दिने अधिकार
सहज : सुगम, सरल
उन्नत : उत्तम, अग्लो
सभ्यता : कुनै जाति वा राष्ट्रको सामाजिक, भौतिक, सांस्कृतिक आदि अवस्था र उन्नति प्रगतिको सम्पूर्णता
चिन्तक : विचारक
योद्धा : वीर, युद्ध गर्ने
सदैव : सधैँ
प्रेरक : हौसला दिने, प्रेरणा दिने, सचेष्ट गराउने
स्मरणीय : सम्झन लायक, भुल्न नहुने
आकृष्ट : आकर्षित भएको
प्रतिबन्धित : रोक लागेको
समाजवादी : सम्पत्तिमाथि कसैको एकलौटी अधिकार हुनु हुन्न र सबै समान हुनुपर्छ भन्ने विचारका अनुयायी
औपचारिक : नियमअनुसार भएको
अनौपचारिक : तोकिएको नियमअनुसार नभएको
निधन : मृत्यु
दशक : दस वर्षको अवधि
प्रसिद्धि : ख्याति, कीर्ति, यश
दाम्पत्य : पति र पत्नीबिचको आपसी सम्बन्ध
फुकुवा : छुटकारा पाएको, बन्धन मुक्त भएको
संलग्न : कुनै काममा लागेको
पाक्षिक : पन्ध्र दिनको
प्रणेता : कुनै सिद्धान्त वा मतको सुरुवात गर्ने, आविष्कारक
सहशिक्षा : एउटै संस्थामा केटा र केटीहरूको अध्यापन
समर्थन : कुनै काम वा प्रस्तावमा सहमति जनाउने काम
यातना : पीडा वा सास्ती
निर्वासित : देश निकाला भएको
होनहार : प्रतिभाशाली, जेहेनदार
सार्थक : अर्थपूर्ण
अविस्मरणीय : बिर्सन नसकिने
स्तुत्य : तारिफ गर्न लायक, प्रशंसा गर्न योग्य

puspas.com.np

## अभ्यास

पेज १२१

### सुनाइ

१. पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) अझ राम्रो र गुणस्तरीय जीवन बाँच्न मानिसले हरहमेसा प्रयत्न गरिरहन्छ ।

(ख) एकल प्रयत्नबाट सम्भव नहुने काम त्यत्तिकै छाडिन्छ ।

(ग) कुनै प्रयत्नबिना नै मानिस जङ्गली युगबाट आजको अत्याधुनिक युगमा आइपुगेको हो ।

(घ) लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रता, न्याय, मताधिकार जस्ता विषयहरू मानव कल्याणका लागि स्थापित हुन् ।

(ङ) विज्ञान र प्रविधिको विकासले जीवनमा असहज भएको छ ।

(च) हाम्रा अग्रजहरूको चिन्तन, प्रयत्न, सङ्घर्ष, त्याग र बलिदानबाट नै आजका उपलब्धिहरू हासिल भएका हुन् ।

उत्तर: क) ठिक
ख) ठिक
ग) बेठिक
घ) ठिक
ङ) बेठिक
च) ठिक

२. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) क्लारा जेटकिनको जन्म कहिले र कहाँ भएको थियो ?

उत्तर: क्लारा जेटिकनको जन्म सन् १८५७ जुलाई ५ का दिन जर्मनीको सक्सोनी प्रदेशको एउटा गाउँमा भएको थियो ।

(ख) क्लाराको बुबाको नाम के थियो ?

उत्तर: क्लाराका बुबाको नाम गोटफ्रिड इजिनर थियो ।

(ग) क्लाराको बाल्यकालको नाम के थियो ?

उत्तर: क्लाराको बाल्यकालको नाम क्लारा इजिनर थियो ।

(घ) क्लाराका बुबा कुन पेसामा आबद्ध थिए ?

उत्तर: क्लाराका बुबा शिक्षक पेसामा आबद्ध थिए ।

(ङ) क्लारा उनका बुबा र आमाकी कुन चाहिँ सन्तान थिइन् ?

उत्तर: क्लारा उनका बुबा र आमाकी जेठी सन्तान थिइन् ।

३. पाठको छैटौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

उत्तर: पाठको छैटौँ अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग कापीमा लेख्ने ।

### बोलाइ

४. तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् :

गुणस्तरीय, अत्याधुनिक, स्वतन्त्रता, सभ्यता, प्रेरक, वञ्चित, औपचारिक, अनौपचारिक, ग्रसित

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

**५. क्लारा जेटकिनको वैवाहिक जीवन कस्तो रह्यो ? पाठका आधारमा भन्नुहोस् ।**

उत्तर: महिला आन्दोलनकी सशक्त योद्धा क्लारा जेटकिनको जीवन निकै सङ्घर्षपूर्ण रहेको पाइन्छ । महिलाहरू मौलिक हक अधिकारबाट वञ्चित रहेको अवस्थामा उनी सक्रिय भएर लागिन् । त्यति बेला महिला अधिकारका विषयमा जर्मनी र बाहिर पनि छलफल प्रारम्भ भएको थियो । यस क्रममा उनको सम्पर्क बढ्दै गयो । यसै क्रममा उनको रसियन मूलका ओसिप जेटकिनसँग सम्पर्क भयो । ओसिप वैज्ञानिक समाजवादी विचार धाराका मानिस थिए । उनको विचारबाट क्लारा प्रभावित भइन् । विस्तारै उनीहरूका बिच प्रेम सम्बन्ध झाङ्गिँदै गयो । तर जर्मनीमा समाजवादीहरू सक्रिय हुन थालेपछि सरकारले समाजवादीहरूमाथि सन् १८७८ मा प्रतिबन्ध लगायो । ओसिप जेटकिन जर्मनीबाट निकाला गरिए भने क्लाराले पनि जर्मनी छोडेर अस्ट्रिया गएर मजदुरका रूपमा काम गर्न थालिन् । पछि उनी पेरिस गइन् । ओसिप र क्लारा एकअर्कालाई मन पराउने र विवाह बन्धनमा बाँधिन चाहन्थे । उनीहरूको औपचारिक विवाह भयो र उनीहरूका म्याक्सिम र कोस्टाइन नामक दुई छोरा जन्मिए ।

पेरिसमा बस्दा उनीहरूको जीवन निकै कष्टपूर्ण बन्यो । उनीहरू दुवैलाई क्षयरोगले समात्यो । क्षयरोगबाट ग्रसित ओसिपको सन् १८८९ मा मृत्यु भयो । ओसिपको मृत्यु भएको एक दशकपछि सन् १८९९ मा क्लाराले फ्रेडरिक जन्डलसँग दोस्रो बिहे गरिन् । उनले दोस्रो बिहे गरे पनि ओसिपप्रतिको सम्झनामा कुनै कमी दिइनन् । उनको दोस्रो पतिसँगको सम्बन्ध पनि १९२६ सम्म मात्र कायम रह्यो । यसरी क्लारा जेटकिनको वैवाहिक सम्बन्ध त्यति सुखद र लामो समयसम्म टिक्न सकेको पाइँदैन । सम्भवत: ओसिपको असामयिक निधन नभएको भए क्लाराले दोस्रो बिहे गर्ने थिइनन् । उनले दोस्रो बिहे गरे पनि लामो समयसम्म टिक्न सकेन । त्यसैले उनको वैवाहिक जीवन त्यति सुखद हुन नसकेको स्पष्ट हुन्छ ।

**६. विवाहपछि महिलाले आफ्नो पतिको थर लेख्ने चलन छ । क्लाराले पनि विवाहपछि आफ्नो नामका पछि जेटकिन भन्न र लेख्न थालिन् र त्यही नाम नै उनको प्रसिद्धि भयो । यसरी विवाहपछि पतिको थर राख्ने चलन तपाईंलाई कस्तो लाग्छ ? कक्षामा छलफल गर्नुहोस् र छलफको निष्कर्ष अभ्यास पुस्तिका टिप्नुहोस् ।**

उत्तर: विवाहपछि महिलाले आफ्नो पतिको थर राख्ने चलनका बारेमा कक्षामा छलफल गरी निष्कर्ष यसरी प्रस्तुत गर्नेः क्लारा जेटकिन एक महिलामाथि हुने शोषण तथा दमनका विरुद्ध सचेततापूर्वक निरन्तर सङ्घर्ष गर्ने नारी थिइन् । उनले राज्य र समाजबाट महिला विरुद्ध हुने गरेका विभेदका विरुद्ध चेतना फैलाउने काम गरिन् । मतदान गर्ने, राजनीतिक पार्टीहरूमा संलग्न हुन नपाउने जस्ता कुराहरूका विरुद्ध लागेर उनले ठुलै सङ्घर्ष गरिन् । स्वदेश र विदेशमा रहँदा समेत उनको सक्रियता प्रशंसा योग्य थियो । त्यस्ती नारीले विवाहपछि आफ्नो पतिको थर नराखी आफ्नै बुबाको राख्न सक्थिन् । तर उनले त्यसो गरिनन् । आफ्ना प्रथम पतिप्रति असिम प्रेम रहेका कारण पतिको मृत्युपछि दोस्रो बिहे गरे पनि प्रथम पतिको थर त्यागिनन् । उनी दृढ इच्छाशक्ति भएकी एक सङ्घर्षशील नारी भएकाले उनको निर्णय माथि प्रश्नचिहृन लगाउने ठाउँ छैन ।

मलाई विवाहपछि पतिको थर राख्ने चलन उचित लाग्छ । यति लामो समयसम्म वैवाहिक जीवन कायम राख्ने र दाम्पत्य जीवनसुखी बनाउने हो भने विवाहपछि पत्नीले पतिको थर राख्नु वैज्ञानिक दृष्टिले भन्दा पनि व्यावहारिक दृष्टिले उपयुक्त लाग्छ । प्रेमी प्रेमिकामा विश्वास र कुनै किसिमको मतभिन्नता छैन भने पतिकै थर राख्न उपयुक्त हुन्छ । क्लारा जेटकिनले प्रथम पतिप्रतिको गहिरो प्रेमको कारण दोस्रो बिहे गरे पनि त्यसैलाई कायम राखिन् । अद्यपि विवाहपछि पतिको थर राख्दा पतिबाट दबिने, हेपिने जस्ता तर्क आउन सक्छन् । तर त्यस्ता तर्क बेतुक हुन् । प्रेमका अगाडि त्यस्ता तर्क कुतर्क मात्र ठहरिन्छन् ।

puspas.com.np

**पठाइ**

७. **पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् ।**

उत्तर: पाठका अनुच्छेद विद्यार्थीले पालैपालो पढ्ने ।

८. **तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

सफा, निलो आकाश, सेतो बिरालु बुट्टे बादल, सिरसिर बतास् बहने जुनसुकै ठाउँमा पुग्दा पनि मलाई लामो लामो सास तानेर अक्सिजनले फोक्सो पखाल्न मन लाग्छ । जिन्दगीको सबभन्दा लामो हिस्सा मैले काठमाडौँलाई दान दिएँ तर कहिल्यै काठमाडौँले मलाई आफ्नो सन्तान स्विकारेन । जिन्दगीको आधी हिस्सा काठमाडौँलाई समर्पित गरे पनि अहिले म काठमाडौँमा पाहुनाकै जिन्दगी बिताइरहेछु । एउटा यस्तो जिन्दगी जहाँ वायु प्रदूषण, ध्वनि प्रदूषण र विषादीयुक्त खाना खाएर आफ्नो जीवनका दिनहरू घटाउँदै छु । गाउँघरतिर उहिले मइन्टोल बाल्थे, ठुलाबडाहरूले रात्रिकालीन कार्जेहरूमा । बाहिर उडिरहेको पुतलीहरू मइन्टोलको उज्यालोमा आउँदै भकाभक मर्थे । म काठमाडौँलाई त्यही मृत्यु निम्त्याउने मइन्टोलको प्रतिमूर्ति देख्न थालेको छु । हुन त काठमाडौँ खाल्डोमा छिरेपछि निस्कन नसकिने रोग आजको होइन, पृथ्वीनारायण शाहका पालादेखि नै सुरु भएको हो । अहिले पनि त्यो लहरो तनकाइरहेकै छ । एउटा अनौठो चुम्बकीय शक्ति छ, काठमाडौँको प्रदूषणमा यहाँको फोहोर, प्रदूषण र महँगीसँग जबर्जस्ती मितेरी लाएर भए पनि खाल्डोभित्र छिरेको मान्छे दुर्गन्धित नदी किनारमै आफ्नो इहलीला समाप्त गर्न चाहन्छ ।

(प्रदीप नेपाल, चार धाम एकै थाम)

**प्रश्नहरू**

(क) **लेखकलाई कस्तो ठाउँ मन पर्छ ?**

उत्तर: लेखकलाई सफा, निलो आकाशको सेतो बिरालु, बुट्टे बादल, सिरसिर बतास बहने जुनसुकै ठाउँ मन पर्छ ।

(ख) **लेखकले आफ्नो जीवनका दिनहरू कसरी घटाउँदै छन् ?**

उत्तर: लेखकले आफ्नो जीवनका दिनहरू वायु प्रदूषण, ध्वनि प्रदूषण र विषादीयुक्त खाना खाएर घटाउँदै छन् ।

(ग) **काठमाडौँलाई किन मृत्यु निम्त्याउने मइन्टोलको प्रतिमूर्ति भनिन्छ ?**

उत्तर: मइन्टोलमा पुतलीहरू आकर्षित भएर मरे झैँ काठमाडौँप्रति आकर्षित भएर जीवन बिताउनेले पुतलीकै नियति भोग्नुपरेकाले काठमाडौँलाई मृत्यु निम्त्याउने मइन्टोलको प्रतिमूर्ति भनिन्छ ।

(घ) **काठमाडौँको वातावरण गाउँघरकै जस्तो सफा बनाउन के-के गर्नुपर्दछ ?**

उत्तर: काठमाडौँको वातावरण गाउँघरकै जस्तो सफा बनाउन फोहोर, प्रदुषण र महँगी नियन्त्रण गर्नुपर्छ ।

(ङ) **'प्रतिमूर्ति' र 'इहलीला' शब्दका अर्थ लेख्नुहोस् ।**

उत्तर: प्रतिमूर्ति : कुनै वस्तु, व्यक्ति आदिको आकृतिका आधारमा निर्मित अर्को वस्तु, प्रतिमा, प्रतिकृति

इहलीला : यस संसारको लीला, यस लोकको सांसारिक जीवन, संसारको प्रपञ्च ।

९. **पाठको तेस्रो अनुच्छेद पढी त्यसको सारांश भन्नुहोस् ।**

उत्तर: क्लाराले शिक्षा आर्जन घरबाटै सुरु गरिन् । घरमा बुबाको निजी पुस्तकालय र स्कुलका पुस्तकालयमा गएर पढ्ने क्लारा इतिहास र साहित्यको अध्ययन गर्न रुचाउँथिन् । फ्रेन्च, इटालियन र अङ्ग्रेजी भाषा सिकेर १५ वर्षको उमेरमा माध्यमिक तह पुरा गरेपछि उच्च शिक्षाका लागि विश्वविद्यालयमा भर्ना हुन चाहे पनि त्यहाँ जान सहज नभएकाले एउटा शिक्षक प्रशिक्षणमा उनी भर्ना भइन् ।

puspas.com.np

१०. **पाठ पढेर त्यसमा प्रयोग भएका मितिहरू क्रमबद्ध रूपमा टिप्नुहोस् र कुन-कुन मितिमा के-के भयो, सूची बनाउनुहोस् :**

उत्तर: सन् १८५७ जुलाइ ५, सन् १८७८, सन् १८८९, सन् १८९९, सन् १९२६, सन् १८९०, सन् १९०६, सन् १९०८, सन् १९०७, सन् १९१०, सन् १९११, सन् १९१५, सन् १९१८, सन् १९२१ देखि १९३३, सन् १९२० देखि १९३२, सन् १९३३, २० जुन १९३३

सन् १८५७ जुलाइ ५ मा क्लारा जेटकिनको जन्म
सन् १८७८ मा जर्मनी समाजवादीहरूमाथि प्रतिबन्ध
सन् १८८९ मा क्षयरोगबाट ग्रसित ओसिप जेटकिनको निधन
सन् १८९९ मा क्लाराको फेडरिक जन्डलसँग दोस्रो विवाह
सन् १९२६ मा क्लाराको दोस्रो पतिसँग दाम्पत्य सम्बन्ध कायम रहेको
सन् १८९० मा जर्मन सरकारले समाजवादीहरूमाथि लगाएको प्रतिबन्ध फुकुवा
सन् १९०६ मा क्लारा पार्टी शिक्षा केन्द्रीय समितिको सदस्य बनेकी
सन् १९०८ मा महिलाको राजनीतिक अधिकार स्थापित भएको
सन् १९०७ मा क्लारा अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट सचिव चयन
सन् १९१७ सम्म सचिव पदमा रहेर काम गरेकी
सन् १९१० मा कोपन हेगेनमा महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलन भएको
सन् १९११ देखि हरेक ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन सुरु
सन् १९१५ मा विश्व युद्ध विरुद्ध अन्तर्राष्ट्रिय महिला शान्ति सम्मेलन
सन् १९१८ मा क्लाराबाट जर्मन साम्यवादी पार्टीको स्थापना
सन् १९२१ देखि १९३३ सम्म क्लाराले साम्यवादी अन्तर्राष्ट्रिय समितिको कार्य समितिमा रहेर काम गरेकी
सन् १९२० देखि १९३२ सम्म जर्मन संसद् 'रिचस्टेग' को सदस्य भएर क्लाराले काम गरेकी
सन् १९३३ मा जर्मनमा हिटलरको शासन सुरु भएको
सन् १९३३ जुन २० का दिन क्लाराको ७६ वर्षको उमेरमा निधन भएको

## लेखाइ

११. **तलका शब्द /पदावलीलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
**गुणस्तरीय जीवन, मानव अधिकार, मताधिकार, औपचारिक, प्रसिद्धि, होनहार, अविस्मरणीय, स्तुत्य**

गुणस्तरीय जीवन - भविष्यमा राम्रो र गुणस्तरीय जीवन बाँच्न चाहनेले बालककालदेखि नै मेहनत गर्नुपर्छ ।
मानव अधिकार - संसारमा मानव अधिकार स्थापना गर्नका लागि थुप्रै सङ्घर्ष भएका छन् ।
मताधिकार - मताधिकार प्रयोग गर्नबाट कसैलाई पनि रोक्नु हुन्न ।
औपचारिक - महिलाहरूलाई औपचारिक शिक्षा दिलाउन सबै सक्रिय हुनुपर्छ ।
प्रसिद्धि - क्लारा जेटकिनले सङ्घर्षकै कारण संसारभर प्रसिद्धि कमाइन ।
होनहार - रमेश हाम्रो विद्यालयका एक होनहार विद्यार्थी थिए ।
अविस्मरणीय - नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान अविस्मरणीय रहेको छ ।
स्तुत्य - नेपाली सेनाले भूकम्प गएका बेला धेरै स्तुत्य काम गऱ्यो ।

puspas.com.np

१२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

**(क) क्लारा कसरी ओसिपसँग नजिक भइन् ?**

**उत्तर:** क्लारा जेटकिन महिला हक अधिकारका बारेमा दृढताका साथ सङ्घर्ष गर्ने नारी हुन् । उनी एक सचेत नारी भएका नाताले समाजमा विद्यमान नारीमाथिको विभेद उनलाई मन परेको थिएन । महिलाहरूलाई मतदानबाट वञ्चित गर्ने, पुरुषको अनुमति विना घरबाहिर जान नपाउने, राजनीतिक पार्टीहरूमा संलग्न हुन नदिने जस्ता कुराहरूका विरुद्ध काम गरिरहेका बेला जर्मन र बाहिर पनि यस किसिमका छलफल हुने क्रममा क्लारा महिलाका विषयमा काम गर्ने संस्थाको सम्पर्कमा पुगिन् । यसै क्रममा उनको भेट रसियन मूलका ओसिप जेटकिनसँग भयो । आफू पनि साम्यवादी विचार धारा आत्मसात् गर्दै अघि बढिरहेको बेला वैज्ञानिक साम्यवादी विचार धाराकै ओसिपबाट प्रभावित हुँदै उनी सुख सयल र मोजमस्तीको जीवनशैली त्यागेर श्रमिक महिलालाई शिक्षा दिने क्रममा लागिन् । क्लारा र ओसिपको लक्ष्य एउटै भएकाले उनी ओसिपसँग नजिक भइन् ।

**(ख) क्लाराको दोस्रो विवाह कोसँग कहिले भयो र उनीहरूको दाम्पत्य जीवन कहिलेसम्म कायम भयो ?**

**उत्तर:** क्लारा जेटकिनको दोस्रो विवाह फ्रेडरिक जन्डलसँग सन् १८९९ मा भयो । उनको दोस्रो पतिसँगको दाम्पत्य जीवन सन् १९२६ सम्म मात्र कायम भयो ।

**(ग) क्लारा जेटकिनले आफू संलग्न भएको पार्टीसँग कुन विषयमा मतभेद भयो ?**

**उत्तर:** क्लारा जेटकिनको आफू राजनीतिमा सक्रिय भइरहेका अवस्थामा पहिलो विश्व युद्ध सुरु भएको थियो । विश्व युद्ध धनी राष्ट्रहरूको हतियार बेच्ने बहाना मात्र हो र यसले आम श्रमिकहरूको हित गर्दैन भन्दै युद्ध विरोधी अभियान चलाउने प्रस्ताव उनले आफू संलग्न भएको पार्टीमा प्रस्ताव राखिन् । उनले आफू संलग्न पार्टीलाई विश्व युद्धको विपक्षमा लाग्न कारण सहित आग्रह गरिन् । तर पार्टीको बहुमतले युद्धमा जाने जर्मन सरकारको नीतिलाई समर्थन गरेकाले क्लारा जेटकिनले यही विषयमा पार्टीसँग मतभेद भयो ।

**(घ) क्लारा विश्वयुद्धको विरुद्धमा किन लागिन् ?**

**उत्तर:** क्लारा जेटकिन वैज्ञानिक साम्यवादी विचार धाराकी नारी थिइन् । उनी श्रमिक महिलाहरूको हक अधिकारका निम्ति निरन्तर सङ्घर्षमा होमिएकी थिइन् । उनी राजनीतिमा सक्रिय भइरेको बेला पहिलो विश्व युद्ध सुरु भयो । त्यो युद्ध धनी राष्ट्रहरूको हतियार बेच्ने बहाना मात्र थियो । त्यसले आम श्रमिक महिलाहरूको हित गर्दैनथ्यो । त्यही कुरा बुझेकी क्लारा विश्व युद्धको विरुद्धमा लागिन् र अभियान नै चलाइन् ।

**(ङ) क्लाराको मृत्यु कहाँ र कहिले भयो ?**

**उत्तर:** क्लाराको मृत्यु सोभियत सङ्घमा निर्वासित जीवन बिताइरहेका बेला सन् १९३३ जुन २० तारिखका दिन ७६ वर्षको उमेरमा भयो ।

१३. **क्लारा जेटकिन अन्तर्राष्ट्रिय महिला दिवसकी प्रणेता हुन्, पुष्टि गर्नुहोस् ।**

**उत्तर:** क्लारा जेटकिन एक सङ्घर्षशील नारी हुन् । उनी समाजवादी विचार धारालाई आत्मसात् गरी नारी हक अधिकारका निम्ति सदा सक्रिय भएर लागि पर्ने योद्धा हुन् । जर्मन सरकारले समाजवादीहरूमाथि लगाएको प्रतिबन्ध सन् १८९० मा फुकुवा भएपछि क्लाराले जर्मन सोसल डेमोक्रेटिक पार्टीमा संलग्न भएर काम गरिन् । महिलाहरूलाई राजनीतिक पार्टीमा औपचारिक संलग्नताको अधिकार नभए पनि उनी सक्रिय भई लागिन् । उनकै सङ्घर्षका कारण सन् १९०६ मा उनी पार्टी शिक्षा केन्द्रीय समितिको सदस्य बनिन् काम गर्दा त्यहाँ । उनले महिलाहरूको राजनीतिक पार्टीमा संलग्नता हुनुपर्छ भन्ने आवाज उठाइन् र अन्ततः सन् १९०८ मा जर्मनीमा त्यो

pu spas.com.np

अधिकार स्थापित भयो । उनले आफ्नो पार्टीगत जिम्मेवारी पुरा गर्नुका साथै जर्मनीका श्रमिक महिलाहरूलाई सङ्गठित गर्ने काम पनि गरिन् । यस क्रमश उनी अन्तर्राष्ट्रिय महिला आन्दोलनकी एक अगुवाका रूपमा स्थापित हुन पुगिन् । सन् १९०७ मा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट उनी सचिव चुनिइन् र सन् १९१७ सम्म त्यस पदमा रहेर काम गरिन् । यसै क्रममा सन् १९१० मा कोपन हेगेनमा महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यस सम्मेलनमा उनले हरेक वर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने प्रस्ताव राखिन् र त्यो प्रस्ताव पारित पनि भयो । उनको प्रस्ताव स्वीकृत भएपछि सन् १९११ देखि हरेक ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ र नारीहरूका हक अधिकारका बारेमा विश्वमा चर्चा हुने गरेको छ । अतः क्लारा अन्तर्राष्ट्रिय नारी दिवसकी प्रणेता हुन् कुरा स्वतः प्रमाणित भएको छ ।

**१४. महिला हक अधिकारका लागि क्लारा जेटकिनले के कस्ता काम गरिन्, विवेचना गर्नुहोस् ।**

**उत्तर:** महिला हक अधिकारका लागि क्लारा जेटकिनले धेरै कामहरू गरेकी छन् । महिला अधिकारवादी भएका नाताले उनले शिक्षकका लागि योग्य भए पनि उनको ध्यान पढाउनेतिर भन्दा समाजतिर आकृष्ट हुन पुग्यो । उनी समाजमा महिलामाथि हुने गरेको विभेद कसरी हटाउन सकिन्छ भनी सोच्न थालिन् । मताधिकारबाट वञ्चित, पुरुषको अनुमति विना घरबाट बाहिर निस्कन नपाउने महिलाहरूको हक अधिकार कसरी स्थापित गर्ने भन्ने कुरामा उनी दत्तचित भएर लागिन् । त्यस बेला सम्पत्तिमाथि महिलाको अधिकार थिएन । राजनीति पार्टीमा महिलाहरूको संलग्नता प्रतिबन्धित थियो । श्रमिक महिलाहरू घर र कारखाना दुवैतिरको उत्पीडनमा थिए । महिलाहरूमाथि हुने गरेका यस्ता विभेदहरू कसरी हटाउन सकिन्छ भनेर उनी चिन्तन मनन गर्न थालिन् । त्यस बेला महिला हक अधिकारका बारेमा जर्मन र बाहिर पनि छलफल गर्ने क्रम सुरु भएको थियो । यसै क्रममा क्लारा महिलाका विषयमा काम गर्ने संस्थाहरूका सम्पर्कमा पुगिन् र काम गर्न थालिन् ।

समाजवादीहरूका विरुद्ध जर्मन सरकारले प्रतिबन्ध लगाएका कारण क्लारा अस्ट्रिया हुँदै पेरिससम्म पुगिन् । अनेक हन्डर र सकस सहँदै गर्दा पनि उनले श्रमिक र महिलाहरूका हक अधिकारका बारेमा काम गर्न छोडिनन् । जर्मन सरकारले समाजवादीहरूमाथि लगाएको प्रतिबन्ध सन् १८९० मा फुकुवा गरेपछि क्लारा जर्मनीमा रहेर राजनीतिमा सक्रिय भइन् । उनले जर्मन सोसल डेमोक्रेटिक पार्टीमा रहेर काम गर्न थालिन् । त्यस बेलासम्म पनि महिलाहरूलाई राजनीतिक पार्टीमा औपचारिक संलग्नताको अधिकार थिएन तापनि उनी अनौपचारिक रूपमै भए पनि पार्टीमा सक्रिय भइन् । उनको सङ्घर्षकै कारण सन् १९०६ मा उनी पार्टी शिक्षा केन्द्रीय समितिको सदस्य बनिन् । उनले पार्टीको पाक्षिक प्रकाशन 'डाइ ग्लेथिट' को सम्पादक भएर काम गरिन् । यसै प्रकाशनका माध्यमबाट उनले महिलाहरूलाई राजनीतिक पार्टीका औपचारिक संलग्नता हुनुपर्छ भन्ने आवाज उठाइन् र अन्ततः सन् १९०८ मा जर्मनीमा त्यो अधिकार स्थापित हुन पुग्यो । उनले आफ्नो जिम्मेवारी पुरा गर्नुका साथै जर्मनीका श्रमिक महिलाहरूलाई सङ्गठित गर्ने काम गरिन् । यसपछि उनी अन्तर्राष्ट्रिय महिला आन्दोलनकी एक अगुवाका रूपमा स्थापित हुन पुगिन् र उनैले सन् १९१० मा कोपन हेगेनमा सम्पन्न महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा हरेक वर्ष मार्च ८ का दिन अन्तर्राष्ट्रिय नारी दिवस मनाउनु पर्छ भन्ने प्रस्ताव राखिन् र त्यो प्रस्ताव पारित पनि भयो । त्यसपछि यो दिवस हरेक वर्ष मनाइन्छ ।

यसरी अन्तर्राष्ट्रिय नारी दिवसकी प्रणेता क्लारा जेटकिनले श्रमिक महिलाका हक अधिकारका क्षेत्रमा महत्त्वपूर्ण काम गरिन् । उनकै योगदानका कारण आज विश्वका महिलाहरू अधिकार सम्पन्न हुँदै गएका छन् । आज विश्वका नारीहरूले अधिकारविहीन भएर बाँच्नुपर्ने अवस्थाको अन्त्य भएको छ ।

puspas.com.np

**१५. कुनै हिमाल आरोहण गर्दाको अनुभव गरी २५०-३०० शब्दसम्मको रचना तयार पार्नुहोस् ।**

**उत्तर:** विश्वको सर्वोच्च शिखर अनि नेपालको ताज सगरमाथाको आरोहण गर्ने तीव्र इच्छाका कारण मैले आफूसँग अध्ययन गर्ने साथीहरूसँग मिलेर हिमाल आरोहण सम्बन्धी तालिम लिएँ । छ महिनाको तालिम पश्चात् चारजना भरिया सहित हाम्रो तीनजनाको आरोहण टोली प्रस्थान गर्छ । म सगरमाथा आरोहणका लागि घरबाट बिदाबारी भई निस्केकाले एउटै लक्ष्य बोकी अघि बढ्छु । सगरमाथा आरोहण गर्ने क्रममा नाम्चे पुग्दा मेरो मन प्रफुल्ल मात्र होइन, गदगद हुन्छ । स्वच्छ वातावरण, टलक्क टल्केको हिमाली दृश्य, आरोहीहरूमा देखिएको उत्साहले मेरो मनमा थप ऊर्जा प्राप्त हुन्छ । एकरात नाम्चे बास बसेर हाम्रो टोली थाङबोचे, फेरिचे र लोबुचेमा दुई दुई रात बास बस्दै अघि बढ्छ । जति उचाइतिर अघि बढ्यो त्यति गाह्रो पनि हुँदै जाँदो रहेछ । अक्सिजनको कमी, श्वासप्रश्वासको समस्याले मलाई त त्यति पिरोलेन तर अन्य आरोहीहरूलाई पिरोलेको देख्दा मनमा चिसो पस्छ । तर पनि मनमा आँट र साहस लिएर म र मेरो टोली अघि बढ्छ । आरोहण सफलताको लागि म पशुपतिनाथ र मन कामनादेवीको स्मरण गर्दै जान्छु ।

"ओहो ! कति सारो भिड भएको । मानिसको लर्को पनि कति कति । यी सबै कुन-कुन मुलुकका होलान् । यसो हेर्दा युरोप र अमेरिकातिरका जस्ता लाग्छन् । यिनलाई के नपुगेर यो दुःख गर्नु परेको होला, हुन त मलाई पनि के नपुग्दो थियो र !" आरोहणका क्रममा यस्ता थुप्रै कल्पनाहरू तछाडमछाड गर्दै आउँछन् । मेरो टोली आधार शिविरमा गएर बास बसेपछि रातको तीन बजे उठेर खुम्बु आइफल पुग्छ । चिप्लिने, बाटो नपाउने र आतेस लाग्ने कुरा त सामान्य नै हुँदो रहेछ । आइसफल पुगेपछि भने मनमा निकै उत्साह थपिन्छ । आइसफल सगरमाथाको पश्चिमी काँध र नुप्से श्रेणी बिच भाग हो । डरलाग्दो भिर देख्दा एकपटक आङ सिरिङ हुन्छ । लहप्साङमा पूजा गरेर हामी अघि बढ्छौं । तीन घण्टाको प्रयासपछि मेरो र मेरो टोलीको सगरमाथा आरोहण सफलतामा परिणत हुन्छ । मेरो जीवनको सबैभन्दा ठुलो धोको पुरा भएकोमा म हर्षले गदगद हुन्छु । टोलीका सदस्यहरूको खुसी र उमङ्गको बयान गर्ने नसक्ने सिर्जना भएको त्यो क्षण मेरो जीवनको अभूतपूर्व क्षण थियो ।

## व्याकरण

**१. तलका वाक्यहरूलाई लिङ्गका आधारमा परिवर्तन गर्नुहोस् :**

**(क) बुबा तराईतिरबाट हिजै आउनुभयो ।**

**उत्तर:** आमा तराईतिरबाट हिजै आउनुभयो ।

**(ख) गीताले सगरमाथा आरोहण गरिन् ।**

**उत्तर:** रमेशले सगरमाथा आरोहण गऱ्यो ।

**(ग) भिनाजुले आज हुम्लाबाट मलाई फोन गर्नुभयो ।**

**उत्तर:** दिदीले आज हुम्लाबाट मलाई फोन गर्नुभयो ।

**(घ) भाउजू लुम्बिनी जानुभयो ।**

**उत्तर:** दाजु लुम्बिनी जानुभयो ।

**(ङ) जयकृष्ण ताप्लेजुङ गए ।**

**उत्तर:** सीतादेवी ताप्लेजुङ गइन् ।

puspas.com.np



२. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :**

**(क) म कविता लेख्छु । (बहुवचन)**

**उत्तर:** हामी कविता लेख्छौं ।

**(ख) उनीहरू घर गए । (एकवचन)**

**उत्तर:** ऊ घर गयो ।

**(ग) म भोलि किमाथाङ्का जाने छु । (द्वितीय पुरुष)**

**उत्तर:** तिमी भोलि किमाथाङ्का जानेछौ ।

**(घ) तिम्रो घर जानकी मन्दिरदेखि कति टाढा छ ? (तृतीय पुरुष)**

**उत्तर:** उसको घर जानकी मन्दिरदेखि कति टाढा छ ?

**(ङ) उनीहरू दैलेखमा बस्छन् । (प्रथम पुरुष)**

**उत्तर:** हामीहरू दैलेखमा बस्छौं ।

३. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् ।**

**(क) तिमी स्कुल जान्छौ । (उच्च आदरार्थी)**

**उत्तर:** तपाईं स्कुल जानुहुन्छ ।

**(ख) तपाईं घर जानुहोस् । (निम्न आदरार्थी)**

**उत्तर:** तँ घर जा ।

**(ग) रमेश असल हुनुहुन्छ । (मध्यम आदरार्थी)**

**उत्तर:** रमेश असल छन् ।

**(घ) गेल्बु भोलि आउँछन् । (अकरण)**

**उत्तर:** गेल्बु भोलि आउँदैनन् ।

**(ङ) लालसरा स्कुल जाँदिनन् । (करण)**

**उत्तर:** लालसरा स्कुल जान्छिन् ।

४. **तलको तालिकामा भूत कालको एउटा वाक्य दिइएको छ । त्यस वाक्यलाई अन्य काल र पक्षमा परिवर्तन गरी तालिकामा देखाउनुहोस् ।**

| वाक्य | काल र पक्ष |
|---|---|
| १. जाङ्बुले मलाई छुट्टी दिइन् । | सामान्य भूत |
| २. ........................ | अपूर्ण भूत |
| ३. ........................ | पूर्ण भूत |
| ४. ........................ | अभ्यस्त भूत |
| ५. ........................ | अज्ञात भूत |
| ६. ........................ | सामान्य वर्तमान |
| ७. ........................ | अपूर्ण वर्तमान |
| ८. ........................ | पूर्ण वर्तमान |
| ९. ........................ | सामान्य भविष्यत् |
| १०. ........................ | अपूर्ण भविष्यत् |
| ११. ........................ | पूर्ण भविष्यत् |

**उत्तर:**

| वाक्य | काल र पक्ष |
|---|---|
| १. जाङ्बुले मलाई छुट्टी दिइन् । | सामान्य भूत |
| २. जाङ्बु मलाई छुट्टी दिँदै थिइन् । | अपूर्ण भूत |
| ३. जाङ्बुले मलाई छुट्टी दिएकी थिइन् । | पूर्ण भूत |
| ४. जाङ्बु मलाई छुट्टी दिन्थिन् । | अभ्यस्त भूत |
| ५. जाङ्बुले मलाई छुट्टी दिइछिन् । | अज्ञात भूत |

| | |
|---|---|
| ६. जाङ्बुले मलाई छुर्पी दिन्छिन् । | सामान्य वर्तमान |
| ७. जाङ्बुले मलाई छुर्पी दिँदै छिन् । | अपूर्ण वर्तमान |
| ८. जाङ्बुले मलाई छुर्पी दिएकी छिन् । | पूर्ण वर्तमान |
| ९. जाङ्बुले मलाई छुर्पी दिने छिन् । | सामान्य भविष्यत् |
| १०. जाङ्बुले मलाई छुर्पी दिँदै हुने छिन् । | अपूर्ण भविष्यत् |
| ११. जाङ्बुले मलाई छुर्पी दिएकी हुने छिन् । | पूर्ण भविष्यत् |

## सिर्जनात्मक अभ्यास — पेज १२४

**हिमाल यात्रा गर्दाको काल्पनिक अनुभव गरी तीन अनुच्छेद लेख्नुहोस् ।**

घर परिवार र साथीभाइ सबैले भनेकै हुन् हिमाल चढ्न सजिलो हुने छैन । मेरो उत्साहका अगाडि कसैको केही जोर चलेन । मलाई सबैले पासाङ ल्हामुको सगरमाथा सफल आरोहण पश्चात् फर्कने क्रममा भएको दुर्घटनाको पनि याद दिलाउँथे । तर मलाई तेनजिङ शेर्पा र एडमन्ड हिलारीको सफलताको कथाले उत्साहित पारेकै हो । आधार शिविर आइ पुगेर पनि हिम्मत हार्नु राम्रो होइन ।

आधार शिविर आइपुग्न त यति गारो भयो भने सगरमाथाको चुचुरो कसरी चुम्न सकिएला । ओहो ! निकै गारो हुने हो कि क्या हो ? कतै चिप्लएर लडियो भने त यो शरीर टुक्रा हुने होला । धत् ! यस्तो पनि कल्पना गर्ने । यत्रा मानिस कति उत्साहका साथ सगरमाथाको चुचुरो चुम्न लालायित छन् । मैले पनि हरेस खानु हुन्न ।

म त नेपाली पो हुँ त । मैले जसरी भए पनि सगरमाथाको चुचुरो चुम्नै पर्छ । सबै बन्दोबस्तका साथ अघि बढ्दा पक्कै पनि कुनै विघ्न बाधा नआउला । पशुपति बाबाको कृपा ममाथि पर्न गयो भने कसो सफलता न मिल्ला त । यत्रा मानिस आवत जावत गरिरहेका छन् अब ढिलो नगरी अघि बढ्नु पर्ला । मनमा साहस र सङ्कल्प बोकेको मानिसले सजिलै सफलता प्राप्त गर्न सक्छ भन्ने मलाई लाग्छ ।

**परियोजना कार्य**

**तपाईं आफ्नो परिवार वा चिने जानेका कुनै व्यक्तिको जीवनी लेखनका लागि आवश्यक पर्ने मुख्य विवरण सङ्कलन गर्नुहोस् र जीवनी लेखेर शिक्षकलाई देखाउनुहोस् ।**

उत्तर

### समाजसेवी शोभालक्ष्मी अधिकारी

समाजसेवी शोभालक्ष्मी अधिकारीको जन्म काभ्रे जिल्ला अन्तर्गत पाँचखाल गाविस वार्ड नं. ८ अग्लीकोटमा वि.सं. २००८, माघ २५ गतेका दिन भएको थियो । उनी अहिले पैंसठ्ठी वर्षका उमेरमा हिँड्दै छिन् । उनका पिताको नाम श्रीकृष्ण अधिकारी र माताको नाम कलादेवी थियो । उनी दुई दाजुभाइपछि जन्मिएकी हुन् । उनलाई बुबाआमाले बाल्यकालमा खुबै माया गरेर हुर्काएका थिए । उनलाई पढ्ने इच्छा तीव्र भए पनि 'छोरीलाई पढाए बिग्रन्छन्' भनेर बाबुआमाले पढ्न दिएनन् । उनले जबर्जस्ती विद्यालय गई कक्षा दुईमा भर्ना भएर पढ्न थालिन् । दाजुहरू रामकृष्ण र लक्ष्मणसँगै विद्यालय गई पढ्दा उनी भने हरेक कक्षामा प्रथम हुँदै गइन् ।

विद्यालयमा शोभालक्ष्मीको सबैले प्रशंसा गर्थे । हरेक वर्ष पुरस्कार लिएर आउँदा आमाबुबा पनि मख्ख पर्थे । कक्षा ८ मा पढ्दै गर्दा आमा रुघाखोकीका कारण

puspas.com.np

थला परिन् र एक महिनापछि स्वर्ग भइन् । आमाको निधन भएपछि उनले पढाइ छोड्नु पऱ्यो । घरको सारा काम उनले भ्याउनु पर्थ्यो । दाजुहरू पढ्न काठमाडौं गइसकेकाले उनले आफ्ना विधुर पितालाई खेती र घरको काम सघाउँदै बिस वर्षको उमेर पार गरिन् । बिहेको कुरा चले पनि उनलाई बिहे गरेर झन्झटमा फस्न मन लागेन । उनलाई गृहस्थी जीवन बिताउनु भन्दा सामाजिक काम गर्नु उत्तम लाग्यो । उनले एकदिन आफ्ना टोलका सबै आमा तथा दिदी बहिनीहरूलाई भेला पारेर उनीहरूका समस्या बुझ्ने काम गरिन् । त्यसमा शिक्षा, स्वास्थ्य र चेतनाका कुरा उठेका थिए ।

आफ्नै गाउँका महिलाको शिक्षाको स्तर उकास्ने हेतुले उनले आफ्नै टोलमा प्रौढ शिक्षा सञ्चालन गरिन् । त्यसपछि महिलाको स्वास्थ्य अति नै नाजुक भएकाले सर्वप्रथम स्वास्थ्य शिविरको आयोजना पनि गरिन् । त्यसबाट आफ्ना गाउँका महिलाहरूलाई ठुलो फाइदा पुगेको महसुस गरेर उनकै पहलमा एउटा स्वास्थ्य चौकीको स्थापना पनि भयो । यसको स्थापना २०३५ सालमा भएको थियो । त्यस्तै उनले महिला तथा बालबालिकाहरूमा चेतना विकास गर्ने हेतुले एउटा वाचनालयको पनि स्थापना गरिन् । यी तमाम गतिविधिहरूका कारण आज उनी एक असल समाजसेवीका रूपमा स्थापित भएकी छन् । उनको गाउँमा मात्र नभएर जिल्लाभरि नै प्रशंसा भइरहेको सुन्न पाइन्छ ।

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.